**नेपाली** / ***NEPALI***

लागि: सबै युनिभर्सिटी कर्मचारीहरू
बाट: कुलपतिको कार्यालय
विषय: कुलपति Jennifer L. Mnookin को साथ खानपिनको लागि आउनुहोस्

आदरणीय युनिभर्सिटी कर्मचारीका सदस्यहरू,

क्याम्पसमा वहाँको पहिलो दिनहरूमा, कुलपति Mnookin तपाईंहरू मध्य क्याम्पसमा दोस्रो र तेस्रो शिफ्टमा काम गर्नेहरूसँग भेटेर आभार प्रकट गर्न चाहनुहुन्छ। हामी तपाईंलाई बेकरीका मिठाई, ताजा फलफूल र कफीको लागि सोमबार, अगस्ट ८ मा राती ११ बजेदेखि १२ बजेसम्म, *Union South*, *Varsity Hall*, 1308 W. Dayton St.मा वहाँलाई साथ दिन निमन्त्रणा दिन पाउँदा खुसी छौं।

*Lot 80* (*Union South* को पार्किङ्ग गर्ने ग्यारेज) रातीको १०:३० बजे देखि १ बजेसम्म नि: शुल्क हुनेछ। ग्यारेज पस्न टिकेट लिनुहोला र निस्कन फेरि त्यो टिकेट हाल्नुहोला। यसको लागि पैसा पर्ने छैन। थप पार्किङ्ग ठाउँहरू *Lot 56, 54* र *45* मा पनि उपलब्ध हुनेछन्।

सुपरभाईजरहरूलाई कार्यक्रममा उपस्थित हुनका लागि कर्मचारीहरूलाई लचिलोपन प्रदान गर्न र कामलाई रोकावट बिना जारी राख्न अगाडि नै योजना बनाउन प्रोत्साहित गरिन्छ।

कुलपति Mnookin तपाईंसँग भेट्नको लागि उत्सुक हुनुहुन्छ!

*On, Wisconsin!*